# कानूनमन्त्रालय

श्री ५ महाराजाधिराजबाट मंत्रिमंडलको सल्लाहले बनाइबक्सेको तल लेखिएको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

## २०१२ सालको ऐन नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि-विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्यान्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीर-विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम सदा समरविजयिनाम ।

श्री ५ महाराजाधिराजबाट २०१२।१०।१३।६ मा मंत्रिमण्डल गठन गरिबक्सेको हुनाले मन्त्रिमण्डलका सल्लाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ।

### विशेष परिस्थिति अधिकार ऐन खारेज गर्ने ऐन २०१२

१. (१) यस ऐनको नाम विशेष परिस्थिति अधिकार ऐन खारेज गर्ने ऐन, २०१२ रहेको छ ।

(२) यो ऐन २०१२।१०।१३।६ का मितिदेखि लागू भएको मानिनेछ।

२. विशेष परिस्थिति अधिकार ऐन; २०१२ खारेज गरिएको छ ।

इति संवत् २०१२ साल मते रोज शुभम्————

सदर मिति २०१३।४।५।१ मा

आज्ञाले—

नयनबहादुर खत्री,

का.मु. सेक्रेटरी–कानूनमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

922 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।